काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

प्रतिनिधिसभा निर्वाचन-२०८२



७ दिन बाँकी

❐ वर्ष : २५ ❐ अंक : १४१ ❐ बुधवार, २० फागुन, २०८२ ❐ Wednesday, 4 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

सुरक्षित रूपमा पुगे निर्वाचन टोली

चुनाव गराउन तयारी अवस्थामा

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १९ फागुन

यही फागुन २१ गते बिहीबार अर्थात भोली देशभर प्रतिनिधि सभा सदस्य निर्वाचन हुदैछ। निर्वाचनका लागि सबै प्रकारका अन्तिम तयारी सम्पन्न भएको निर्वाचन आयोगले जनाएकोा छ। कर्णाली प्रदेश निर्वाचन कार्यालयका अनुसार प्रदेशका १० जिल्लामा ९४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्र निर्धारण छन्। ती मतदान स्थल र केन्द्रमा निर्वाचनका लागि सुरक्षित रुपमा निर्वाचन सामग्री सहित कर्मचारी तथा सुरक्षार्मीको टोली पुगेको छ। सबै मतदान स्थल र मतदान केन्द्रमा पुगेको निर्वाचन टोली आवश्यक सम्पूर्ण तयारीका साथ चुनाव गराउन तयारी अवस्थामा बसेका छन्।

कर्णालीका हुम्ला जिल्लाका चार र डोल्पा जिल्लाका २३ वटा मतदान स्थल तथा मतदान केन्द्रमा निर्वाचन सामाग्री सहित कर्मचारी र सुरक्षाकर्मीको टोली हेलिकप्टरमार्फत पठाइएको हो। भने अन्य सबै मतदान केन्द्र तथा मतदान स्थलमा निर्वाचन टोलीले स्थल मार्ग हुदै सवारी साधानमार्फत निर्वाचन सामाग्री ढुवानी गरेको हो।

प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशका सबै जिल्लामा निर्वाचनका आवश्यक मतपत्र, मतपेटिका, मतदान अधिकृतका सामग्री तथा अन्य प्राविधिक सामग्रीहरु सुरक्षित रूपमा पुगेका हुन्। प्रदेश निर्वाचन अधिकारी लालबहादुर गुरुङले निर्वाचन सामाग्रीको गुणस्तर सुनिश्चित गरी मतदान प्रक्रिया सहज तथा व्यवस्थित बनाउन आवश्यक प्रबन्ध मिलाईएको जानकारी दिए। सुरक्षासहित निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने निर्वाचन अधिकारी गुरुङले विश्वास व्यक्त गरे।

सुरक्षा व्यवस्थालाई विशेष प्राथमिकतामा राखिएको भन्दै संयुक्त सुरक्षा गस्ती, मतदान केन्द्रको स्थलगत निरीक्षण तथा संवेदनशील क्षेत्रको पहिचान सम्पन्न गरी आवश्यक रणनीति बनाएर कार्यान्वयन भइरहेको उनले बताए। मतदानमा खटिने कर्मचारीलाई अभिमुखीकरण तथा सुरक्षा व्यवस्थापनका काम पनि सम्पन्न भएका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालय सुर्खेतले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित रूपमा सम्पन्न गर्न सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिदै अब शानतीपूर्ण रुपमा निर्वाचन गराइने जनाएको छ। प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार गत २०७९ को प्रतिनिधि सभा निर्वाचनमा नौ लाख आठ हजार ४ सय ३३ मतदाता रहेका थिए। यस पटक एक लाख २८ हजार ८ सय १७ मतदाता थपिएसँगै कुल मतदाता संख्या १० लाख ३७ हजार २ सय ५० पुगेको हो।

फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा गरेका नागरिकलाई आधार मानेर अन्तिम मतदाता नामावली तयार पारिएको थियो। कर्णालीका १२ निर्वाचन क्षेत्रबाट १ सय ३२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्।

हेलिमार्फत कर्मचारी र सामग्री पुर्‍याइयो

हुम्ला जिल्लाको उत्तरी नाम्खा गाउँपालिका-४ को चाला र वडा नं-६ लिमीका तीन मदतान केन्द्रमा हेलिकप्टरमार्फत कर्मचारी र निर्वाचन सामग्री पुर्‍याइएको छ। सुरक्षाकर्मी सहित कर्मचारी र निर्वाचन सामग्री नेपाली सेनाको हेलिकप्टरबाट ढुवानी गरिएको हो।

चार मतदान केन्द्रमा खटिएका १ सय २ कर्मचारी, सुरक्षाकर्मी र निर्वाचन प्रहरीलाई हेलिकप्टरमा त्यहाँ पुर्‍याइएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दले बताए। उनका अनुसार कर्मचारी र सुरक्षाकर्मीलाई पैदल भएर जाँदा असहज हुने भएपछि निर्वाचन आयोगले ती मतदान केन्द्रमा हेलिकप्टरको व्यवस्था गरेको हो। निर्वाचनका लागि खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारी र सुरक्षाकर्मीलाई हेलिकप्टरमार्फत लिमिका तीन मतदान केन्द्र लगिएको उनले बताए।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीका अनुसार निर्वाचन आयोगको अनुमतिपछि नाम्खा गाउँपालिका चार वटा मतदान केन्द्रमा खटिने कर्मचारी, मतपत्र लगाएतका सामाग्रीहरु हेलिकोप्टरले ढुवानी गर्ने काम सम्पन्न भएको छ। यसरी हेलिकोप्टरले मतदान केन्द्रमा सेवा दिने स्थानहरुमा नाम्खा गाउँपालिका- ६ को हिमालपारीको गाउँ लिमीका तीन वटा भृकुटी आ.वि जाड, सुनखानी आ.वि हल्जी, हिमशिखर आ.वि तील र गाउँपालिका-४ को हिमालय आ.वि चाला मतदान केन्द्र रहेका छन्।

तर त्यस क्षेत्रका अधिकांश मतदाता भने अँझै गाउँ पुगेका छैनन्। भौगालिक कारणले लिमी क्षेत्रका मतदान केन्द्रलाई जिल्ला सुरक्षा समितिले अतिसम्वेदनशील स्थलका रुपमा राखेको छ। लिमीको हल्जीमा २ सय ९३, जाडमा २ सय ४७, तीलमा १ सय ३२ र चाला मतदान केन्द्रमा १ सय ५९ मतदाता रहेका छन्।

यसैबिच डोल्पाका २३ वटा मतदान केन्द्रमा हेलिकप्टरमार्फत कर्मचारी र निर्वाचन सामग्री पुर्‍याइएको प्रमुख जिल्ला अधिकारी जुनु हमालले बताइन्। उपल्लो डोल्पाका सबै पालिका हेलिकप्टरमार्फत कर्मचारी र निर्वाचन सामग्री ढुवानी गरिएको उनको भनाइ छ।

जिल्लाभर स्थायी र अस्थायी गरी कुल ७० मतदान केन्द्र रहेका छन्, भने ३ सय ८३ कर्मचारी खटाइएका छन्। एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको डोल्पामा कुल २४ हजार १ सय १५ मतदाता रहेका छन्। जसमा महिला १२ हजार १ सय ८७ र पुरुष ११ हजार ९ सय २८ छन्।

अतिसंवेदनशील स्थलमा सुरक्षा कडाई

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुरक्षाका दृष्टिकोणले कर्णालीका ३ सय ५९ वटा मतदानस्थल अति संवेदनशील रहेको पाइएको छ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाका अनुसार प्रदेशका १० जिल्लामा ३ सय ५९ वटा मतदानस्थल अति संमवेदनशील रहेको पाइएको हो। यस्तै ४ सय २२ वटा संवेदनशील र १ सय ६० वटा सामान्य रहेको उनले जानकारी दिए।

प्रदेशमा रहेका ९ सय ४१ वटा स्थायी र १८ वटा अस्थायी गरेर ९ सय ५९ वटा मतदानस्थल रहेका छन्। यहाँ एक हजार ४ सय ५५ वटा मतदान केन्द्रमध्ये सुरक्षाका हिसाबले ४ सय ४६ वटा मतदान केन्द्र अति संवेदशील रहेका छन्। संवेदशीलमा ६ सय ९७ र सामान्य अवस्थाका २ सय ८४ वटा मतदान केन्द्र रहेका छन्।

एउटा मात्र केन्द्र भएको स्थलको संख्या कर्णालीमा ५ सय २५, दुई केन्द्र भए ३ सय ५३, तीन केन्द्र भएको स्थल ४९, चार केन्द्र भएको स्थलको संख्या १२, पाँच केन्द्र भएको स्थलको संख्या एक, ६ केन्द्र भएको स्थल एक रहेको छ। एक केन्द्र भएको अस्थायी स्थलको संख्या १८, थप मतदान केन्द्रको संख्या ४ सय ९६ रहेका छन्।

कर्णालीमा १२ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन्। सुर्खेत र दैलेखमा दुई/दुई वटा र अन्य आठ जिल्लामा एक/एक वटा निर्वाचन क्षेत्र छन्। प्रदेशमा कुल मनदाता संख्या १० लाख ३७ हजार २ सय ५० जना रहेको छ। कर्णालीमा ५४ वटा गाउँपालिका र २५ वटा नगरपालिका छन्।



यस्तो छ, मतदाताको अवस्था

जिल्लागत तथ्यांक अनुसार सुर्खेतमा सबैभन्दा धेरै मतदाता छन्। भने डोल्पामा सबैभन्दा कम मतदाता संख्या रहेको छ। प्रदेश राजधानी सुर्खेत जिल्लामा सबैभन्दा बढी दुई लाख ४८ हजार ९ सय ४३ मतदाता रहेका छन्। यहाँ १ सय ४० मतदान स्थल र ३ सय २ मतदान केन्द्र कायम गरिएको छ।

भने डोल्पा जिल्लामा सबैभन्दा कम २४ हजार १ सय १५ मतदाता रहेका छन्। त्यहाँ ६८ मतदान स्थल र ६८ मतदान केन्द्र तोकिएका छन्। दैलेखमा एक लाख ६१ हजार २ सय ४ मतदाता रहेका छन्, भने १ सय ३९ मतदान स्थल र २ सय ८ मतदान केन्द्र छन्।

जाजरकोटमा एक लाख ७० हजार ९१ मतदाता र ८८ मतदान स्थल र १४६ मतदान केन्द्र छन्। यस्तै सल्यानमा एक लाख ६२ हजार ४ सय ४९ मतदाता, १ सय १७ मतदान स्थल र २ सय ५ मतदान केन्द्र छन्। रुकुम (पश्चिम भाग) मा एक लाख ६ हजार ६ सय ६० मतदाता, ७६ मतदान स्थल र १ सय ४० मतदान केन्द्र निर्धारण गरिएको छ।

कालिकोटमा ८४ हजार ६ सय ४६ मतदाता, १ सय ३ मतदान स्थल र १२७ मतदान केन्द्र छन्। त्यस्तै जुम्लामा ७१ हजार ७ सय ३९ मतदाता, ८३ मतदान स्थल र १ सय ८ मतदान केन्द्र छन्। मुगुमा ३६ हजार ६१ मतदाता, ६७ मतदान स्थल र ६९ मतदान केन्द्र छन्। भने हुम्लामा ३४ हजार ३ सय २७ मतदाता, ६० मतदान स्थल र ६४ मतदान केन्द्र छन्। प्रदेशभर पुरुष मतदाता पाँच लाख २७ हजार ६ सय ८६ र महिला मतदाता पाँच लाख ९ हजार ३ सय ६१ र अन्य तीन जना रहेका छन्।

इरानको द्वन्द्वका कारण रेमिट्यान्स प्रभावित हुने



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १९ फागुन

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेलले पश्चिम एसियाको द्वन्द्वका कारण नेपालको अर्थतन्त्रमा फेरि एकपटक चुनौती थपिएको बताएका छन्।

मंगलबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को आयोजनामा भएको 'पश्चिम एसियाको द्वन्द्व, नेपालको अर्थतन्त्र र आपूर्ति व्यवस्थामा पर्ने असर' विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्।

'कोरोना महामारीबाट आर्थिक स्थिति सामान्य अवस्थामा फर्कन नपाउँदै भूराजनीतिक तनाव, बाढी-पहिरो र अहिले इरानको द्वन्द्वले फेरी अर्थतन्त्र प्रभावित हुने देखिन्छ,' खरेलले भने, 'आगामी निर्वाचनबाट नयाँ सरकार बनेपछि अर्थतन्त्रले लय समाउने अपेक्षा गरिएकामा यस द्वन्द्वले थप चुनौती थपेको छ।' उनका अनुसार भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि अर्थतन्त्रलाई लयमा आउने बाटोमा थियो। बैंकिङ प्रणालीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिएको अवस्थामा नै मध्यपूर्वको द्वन्द्वले फेरि चुनौती थपेको खरेलको भनाइ छ।

'मध्यपूर्वका १७ वटा देशमध्ये १५ वटा देशबाट नेपालमा रेमिट्यान्स भित्रिने गरेको छ। यसमा पनि ४ वटा देशहरुले जम्मा रेमिट्यान्सको ३५ प्रतिशत हिस्सा ओगटेको छ', खरेलले भने, 'छोटो समयमा इरानको द्वन्द्व समाधान नभएमा करिब ४१ प्रतिशत रेमिट्यान्स प्रभावित हुने देखिन्छ।'

उनले समग्र देशमा तत्काल यसको समस्या नदेखिएपनि रेमिट्यान्स पठाउनेहरुको घरमा भने तत्काल समस्या देखिने बताए । ६ महिनाको अवधिमा ६ लाख पर्यटक आउँदा मध्यपूर्वबाट आउने पर्यटक कम भए पनि सोहि बाटो हुँदै आउँने पर्यटक बढी रहेकाले यसको असर पर्यटन क्षेत्रमा समेत देखिने उनको भनाइ छ। मध्यपूर्वको द्वन्द्वको कारणले इन्धनको मूल्य बढ्ने र त्यसको असर उत्पादन मूल्यमा पनि गएर जोडिने उनको तर्क छ। सुनचाँदीको माग बढ्ने र विदेशी विनिमय सञ्चितिमा पनि यस द्वन्द्वले प्रभाव पार्ने उनले बताए।

मताधिकारबाट महिला वञ्चित भएको नेपालको पहिलो निर्वाचन

❐ काँक्रेबिहार संवाददाता

काठमाडौं, १९ फागुन

नेपालमा सर्वप्रथम २००४ साल जेठ २९ गते काठमाडौं म्युनिसिप्यालिटीको निर्वाचन भएको थियो। जेठ ३ गते तत्कालीन श्री ३ मोहन शमशेर राणाको घोषणाबाट मुलुकभर निर्वाचित नगरपालिका खडा गर्ने, त्यसमा मतदानबाट प्रतिनिधि छान्ने, प्रतिनिधि छान्दा सोच विचारपूर्वक असल, अनुभवी र लायक प्रतिनिधि मुलुकको उत्थानमा सहयोगी हुने आवश्यक ठानिएको थियो।

त्यस निर्वाचनमा सर्वप्रथम काठमाडौंको सहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैं छान्नका लागि मताधिकार प्रयोग गरेका थिए। निर्वाचन आयोगद्वारा प्रकाशित 'नेपालको निर्वाचन इतिहास' अनुसार १९७६ पुस २ गते तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले उच्च कुलीन वर्गका व्यक्ति हिँड्ने बाटो सफाइका लागि सफाइ अड्डा स्थापना गरेका थिए।

> *निर्वाचन आयोगद्वारा प्रकाशित 'नेपालको निर्वाचन इतिहास' अनुसार १९७६ पुस २ गते तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले उच्च कुलीन वर्गका व्यक्ति हिँड्ने बाटो सफाइका लागि सफाइ अड्डा स्थापना गरेका थिए।*



सोही अड्डालाई २००३ साल फागुन २ गते प्रधानमन्त्री पद्म शमशेरले संस्थागत स्वरुप परिवर्तन गरी 'म्युनिसिप्यालीटी' स्थापना गरेका थिए।

महाराजगंज, दक्षिण बागमती, पूर्व धोवीखोला र पश्चिम विष्णुमती गरी यी चार किल्लाभित्र क्षेत्र कायम राखेर काठमाडौं म्यूनिसिपलिटी रहने व्यवस्था थियो।

चार किल्लाभित्रको क्षेत्रलाई विभाजित गरी २१ वडा कायम गरिएको थियो भने प्रत्येक वडाबाट एक-एक जना सदस्य छान्नुपर्ने व्यवस्था थियो।

रोचक कुरा, प्रत्येक वडामा बसोबास गरेका २१ वर्ष उमेरभन्दा माथिका पुरुषले मात्र भोट हाल्ने व्यवस्था थियो। मतदाता संख्या कुल ६८ हजार ११८ थियो। त्यतिबेला २१ वडाबाट ६० देखि ६५ प्रतिशत मत खसेको अनुमान गरिएको थियो।

भूवनलाल प्रधान प्रथम निर्विरोध निर्वाचित प्रतिनिधि बनेका थिए। २१ वडाबाट निर्वाचित जनप्रतिनिधि र १० जना मनोनीत गरी ३१ जनाको नगरपालिका बोर्ड गठन गरिएको थियो। ३१ जनामध्ये मनोनीत सदस्यबाट सभापति र निर्वाचित जनप्रतिनिधिबाट उपसभापति छनोट गर्ने व्यवस्था थियो। पहिलो सभापतिमा गेहेन्द्र शमशेर थापा र उपसभापतिमा शंकरदेव पन्त छानिएका थिए।

निर्वाचित जनप्रतिनिधिहरू मध्ये तीन खण्ड सदस्यहरूले गोला प्रथाद्वारा हरेक वर्ष पदत्याग गर्नुपर्ने व्यवस्था थियो। तर मनोनीत र निर्वाचित जनप्रतिनिधिबिच मतभेद उत्पन्न हुँदा १६ जनाले राजीनामा दिएका थिए। बाँकी १५ जना २००७ सालको क्रान्तिसम्म कार्यरत थिए। त्यही वर्ष भक्तपुर र ललितपुरमा पनि निर्वाचन भएको थियो।

चुनावमा २ लाख २१ हजार कर्मचारी परिचालित

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १९ फागुन

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा २ लाख २१ हजार बढी कर्मचारीहरू परिचालित भएका छन्।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेका अनुसार देशभर २३ हजार ११२ मतदान केन्द्र र १४३ अस्थायी मतदान केन्द्रका लागि २ लाख २१ हजार बढी कर्मचारीहरू खटिएका छन्।

'५ सयभन्दा बढी मतदाता रहेको मतदान केन्द्रमा ९ जना, ५ सयभन्दा कम मतदाता रहेको मतदान केन्द्रमा ८ जना, ३ सयभन्दा कम मतदाता रहेको मतदान केन्द्रमा ७ जना कर्मचारीहरू परिचालित भएका छन्,' न्यौपानेले भने।

यसरी कर्मचारी परिचालित हुँदा प्राथमिकतामा संघका कर्मचारीलाई राखिएको छ। विगतका चुनावमा शिक्षकहरूलाई उल्लेख्य संख्यामा परिचालन गर्ने गरिएको भएपनि यसपटकको चुनावमा नगण्य संख्यामा मात्र शिक्षक परिचालन गरिएको न्यौपानेले बताए।

'हामीले प्राथमिकता निर्धारण गर्दा सबैभन्दा बढी संघका कर्मचारी, त्यसपछि प्रदेशका कर्मचारी र स्थानीय तहका कर्मचारीलाई प्राथमिकतामा राखिएको छ,' उनले भने, 'त्यतिले पनि नपुग्ने अवस्थामा संस्थानका कर्मचारीहरूलाई प्राथमिकतामा राख्न भनिएको छ। त्यसले पनि नपुग्ने अवस्था आए मात्र शिक्षकलाई खटाउने भनिएको हो।'शिक्षकलाई खटाउँदा विद्यालयको पठनपाठन पछिसम्म पनि प्रभावित हुने हुँदा शिक्षकलाई नखटाउने आयोगको रणनीति रहेको उनले खुलाए।

२ लाख १३ हजार कर्मचारीको बीमा

निर्वाचन प्रयोजनका लागि २ लाख २१ हजार बढी कर्मचारीहरू खटिएको भएपनि २ लाख १३ हजार कर्मचारीहरूको बीमा गरिएको उनले बताए। कर्मचारीको बिमित रकम २० लाख रूपैयाँ रहेको उनले खुलाए।'२ लाख २१ हजार कर्मचारी खटिएको भएपनि २ लाख १३ हजार कर्मचारीको बिमा गराएका छौं,' उनले थपे, 'कुन कर्मचारी भनेर भनेका छैनौं। एकमुस्ट २ लाख १३ हजार कर्मचारीका लागि ९ करोड रूपैयाँ बिमा कम्पनीलाई दिएका छौं।'

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१२४४७५४ मा सम्पर्क गर्नुहोला।

सम्पादकीय

दल र उम्मेदवारको सच्चा परीक्षा

यही फागुन २१ गते बिहीबार अर्थात भोली देशभर प्रतिनिधि सभा सदस्य निर्वाचन हुदैछ । निर्वाचनको पूर्वसन्ध्यामा फागुन १८ गते मध्यरातिदेखि मौन अवधि पनि सुरू भइसकेको छ । यो मौन अवधि केवल कानुनी व्यवस्था मात्र होइन, लोकतान्त्रिक संस्कारको वास्तविक परीक्षा पनि हो । चुनावी प्रतिस्पर्धामा आरोप-प्रत्यारोप र जनमत आकर्षित गर्ने दौड अब रोकिएको छ । अब निर्णयको घडी राजनैतिक दल तथा उम्मेदवारहरूले मतदाताको हातमा सुम्पिएका छन् । कर्णाली प्रदेशका १२ वटा निर्वाचन क्षेत्रबाट १३२ जना उम्मेदवार कडा प्रतिस्पर्धाका साथ चुनावी मैदानमा होमिएका छन् । यस पटकको निर्वाचनमा निकै रोचकताका साथ उम्मेदवारहरूबिच कडा मतपरिणामको भिडन्त हुने देखिन्छ । यही सन्दर्भमा दल र उम्मेदवारले आफ्नो राजनीतिक परिपक्वता देखाउने अवसर यही मौन अवधि हो । निर्वाचन आचारसंहिताले मौन अवधिभर कुनै पनि प्रकारको प्रचारप्रसार, मत माग्ने गतिविधि, सभा-जुलुस, सामाजिक सञ्जालमार्फत प्रभाव पार्ने प्रयासजस्ता क्रियाकलाप निषेध गरेको छ । कानुनले निषेध गरेपछि त्यसको पालना गर्नु दल र उम्मेदवारको कर्तव्य पनि हो । आचारसंहिता उल्लंघन भएमा कारबाहीको प्रावधान स्पष्ट छ । तर प्रश्न केवल कारबाहीको डरको होइन, आत्मअनुशासन र लोकतान्त्रिक मूल्यको हो ।

गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई आचारसंहिता कार्यान्वयनका लागि निर्देशन दिइसकेको छ । जिल्ला आचारसंहिता अनुगमन समिति परिचालनमा छ । सीमा नाका ७२ घण्टा अघिदेखि बन्द गरिएका छन् । मतदानको दिन अत्यावश्यक सेवाबाहेक सवारी सञ्चालनमा रोक लगाइनेछ । मादक पदार्थको बिक्री-वितरणमा प्रतिबन्ध लगाइएको छ । यी सबै कदम निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि हुन् । तर प्रशासनिक संयन्त्रको सक्रियतामात्र पर्याप्त हुँदैन । यदि राजनीतिक दल र उम्मेदवार स्वयं जिम्मेवार बनेनन् भने कानुनको प्रभावकारीता कानूनी व्यवस्थामै सीमित रहन्छ । विगतका निर्वाचनहरूमा मौन अवधिमा सामाजिक सञ्जालमार्फत सूक्ष्म प्रचार, मतदातालाई प्रभावित गर्ने प्रयास, धनबल र बाहुबल प्रयोगका घटना सार्वजनिक भएका थिए । यसपटक त्यस्ता गतिविधि दोहोरिनु हुँदैन । मतदानको दिन सवारी सञ्चालनमा कडाइ, परिचयपत्र अनिवार्य, स्वास्थ्यकर्मी तयारी अवस्थामा, मतदान केन्द्रका भौतिक संरचनाको व्यवस्थापन–यी सबै व्यवस्थाले निर्वाचनलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याउनेछन् । अस्पताल तथा स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्ने सरकारी निर्णयले आकस्मिक अवस्थामा समेत ध्यानमा राखिएको देखाउँछ । पर्यवेक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थालाई अनुमति दिइनुले पारदर्शिताप्रतिको प्रतिबद्धता झल्काउँछ । काठमाडौंस्थित कूटनीतिक नियोगलाई निर्वाचन तयारीबारे जानकारी गराइनु र पर्यवेक्षक परिचालन गर्नु सरकारको सकारात्मक सन्देश हो । यसले अन्तर्राष्ट्रिय समुदायसमक्ष पनि नेपालको निर्वाचन प्रणालीप्रति विश्वास अभिवृद्धि गर्छ । तर निर्वाचनको विश्वसनीयता कागजी व्यवस्थाले होइन, व्यवहारिक कार्यान्वयनले तय गर्छ ।

लोकतन्त्रको सुन्दरता प्रतिस्पर्धामा होइन, प्रतिस्पर्धापछि नियम मान्ने संस्कारमा निहित हुन्छ । चुनावी हार-जित स्वाभाविक प्रक्रिया हो । तर परिणाम जे आए पनि स्वीकार गर्ने परिपक्वता लोकतन्त्रको आधारशिला हो । भने मौन अवधि पनि त्यसैको अभ्यास हो । त्यसैले मौन अवधिमा दलहरूले शब्दको प्रतिबद्धता होइन, संयमताको राजनीति गर्नुपर्छ । त्यसैले मौन अवधिलाई दल र उम्मेदवारले आत्ममूल्यांकनको समयका रूपमा लिनुपर्छ । मतदाता किन विश्वस्त भए वा भएनन् भन्ने प्रश्न अब उनीहरूले आफैंसँग सोध्ने समय हो । मतदातालाई स्वतन्त्र निर्णय गर्न दिनु नै सच्चा लोकतान्त्रिक आचरण हो । निर्वाचन शान्तिपूर्ण, व्यवस्थित र विश्वसनीय रूपमा सम्पन्न हुनु सबैको साझा जिम्मेवारी पनि हो । कानुनको पालना दायित्वभै सिमित नबनाई लोकतन्त्रप्रतिको सम्मानका रूपमा हेरौं । मौन अवधिमा निर्वाचन आचारसंहिता उल्लंघन नगरी अक्षरश पालना गर्नु नै दल र उम्मेदवारको सच्चा परीक्षा हो । र यही परीक्षाले नेपालको लोकतान्त्रिक भविष्य कति परिपक्व छ भन्ने निर्धारण गर्नेछ ।

भविष्यका लागि विवेकपूर्ण मतदान :

नीति र नियतको परीक्षा



"व्यवस्थागत रूपमा हेर्दा नेपालले धेरै ठूलो फड्को मारेको देखिन्छ । तर प्रश्न उठ्छ– के यी र यस्ता व्यवस्थागत परिवर्तनहरूले आम नागरिकको दैनिकीमा गुणात्मक सुधार ल्याए? के सुशासनको बलियो जग बस्यो ? दुर्भाग्यवश, उत्तर सधैं सकारात्मक देखिँदैन ।

बसन्ती बोहरा

राजनीति र सुशासन एउटै सिक्काका दुई पाटा हुन् भन्ने कुरा सैद्धान्तिक रूपमा जति सहज सुनिन्छ, व्यवहारमा त्यति नै जटिल देखिन्छ । राजनीतिले राज्य सञ्चालनको दिशा निर्धारण गर्छ, नीतिहरू बनाउँछ, प्राथमिकताहरू तय गर्छ र भविष्यको मार्गचित्र कोर्छ । सुशासनले तिनै नीतिहरूलाई न्यायपूर्ण, पारदर्शी, जवाफदेही र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने दायित्व वहन गर्छ । जब राजनीति स्वार्थ, सत्ताकेन्द्रित सोच र अल्पकालीन लाभमा सीमित हुन्छ, तब सुशासन कमजोर बन्छ । राजनीति दूरदर्शी, नैतिक र जनमुखी हुँदा सुशासन स्वाभाविक रूपमा सुदृढ हुन्छ । नेपालको अनुभवले यही द्वन्द्वलाई उजागर गरेको छ ।

सामान्यतः नेपालको आधुनिक राजनीतिक यात्रा वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाबाट सुरु भएको मानिन्छ । त्यसयता देशले राणा शासनको अन्त्य, पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, जनआन्दोलन, सशस्त्र द्वन्द्व र अन्ततः ०७२ सालमा जारी भएको 'नेपालको संविधान' मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको चरण पार गरिसकेको छ । व्यवस्थागत रूपमा हेर्दा नेपालले धेरै ठूलो फड्को मारेको देखिन्छ । तर प्रश्न उठ्छ– के यी र यस्ता व्यवस्थागत परिवर्तनहरूले आम नागरिकको दैनिकीमा गुणात्मक सुधार ल्याए? के सुशासनको बलियो जग बस्यो? दुर्भाग्यवश, उत्तर सधैं सकारात्मक देखिँदैन । नेपालको राजनीति प्रायः आन्दोलन र सम्झौताबिच घुमिरह्यो । राणा शासनको अन्त्यसँगै प्रजातन्त्र आयो तर संस्थागत स्थायित्व कायम हुन सकेन । पञ्चायती व्यवस्थाले राजनीतिक दलहरूलाई प्रतिबन्धित गऱ्यो, साथै विकास र स्थायित्वको नाममा केन्द्रीकृत शक्तिको अभ्यास गरियो । ०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनःस्थापित भयो ।

यद्यपि, राजनीतिक अस्थिरता र सत्ता सङ्घर्षले शासन प्रणालीलाई बलियो बनाउन सकेन । त्यसपछिको दशक लामो सशस्त्र द्वन्द्वले राज्य संरचना नै हल्लाइदियो । अन्ततः संविधानसभामार्फत नयाँ संविधान बनेसँगै देश सङ्घीय संरचनामा प्रवेश गऱ्यो । राजनीतिक रूपमा परिवर्तनको यो लामो यात्रा गर्व गर्नलायक भए पनि संस्थागत सुशासनको विकास भने अपेक्षाकृत कमजोर नै रह्यो । अहिले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको दोस्रो चरणमा छ । राजनीतिक परिदृश्यमा पुस्तान्तरण र विचारान्तरणको बहस तीव्र छ । पुराना स्थापित दलहरूको एकाधिकारलाई नयाँ शक्तिहरू र स्वतन्त्र उम्मेदवारहरूले चुनौती दिइरहेका छन् । जनतामा निराशा र अपेक्षा दुवै एकसाथ देखिन्छन् ।

उनीहरू भाषणभन्दा परिणाम खोजिरहेका छन् । बारम्बार फेरिने सरकार, सत्ता समीकरणका खेल, दीर्घकालीन नीतिको अभाव र अल्पकालीन राजनीतिक फाइदाका लागि गरिने सम्झौताले विकास योजनाहरूलाई प्रभावित गरेको छ । राजनीतिक अस्थिरताले प्रशासनिक संयन्त्रमा पनि असमञ्जस र अनिश्चितता बढाएको छ ।

सुशासनका आधारभूत स्तम्भ चारवटा मानिन्छन् विधिको शासन, पारदर्शिता, जवाफदेहिता र जनसहभागिता । नेपालको संविधानले सुशासनलाई राज्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरेको छ । संविधानको धारा ५१ (ख) मा सुशासनलाई राज्यको प्रमुख नीतिमा समावेश गरिएको छ । तर, कानुनी प्रावधान र व्यवहारबिच ठूलो अन्तर देखिन्छ । विधिको शासन कमजोर हुँदा कानुन सबैका लागि समान रूपमा लागू हुँदैन । 'सानालाई ऐन र ठूलालाई चैन' भन्ने उखान केवल व्यङ्ग्य मात्र होइन, यथार्थजस्तै लाग्ने अवस्था बनेको छ । राजनीतिक पहुँचका आधारमा मुद्दा फिर्ता लिने, अपराधीलाई आममाफी दिने वा अनुसन्धान प्रभावित गर्ने प्रवृत्तिले न्यायप्रणालीमाथि जनविश्वास घटाएको छ ।

पारदर्शिताको अभाव अर्को गम्भीर समस्या हो । सरकारी निर्णयहरू अझै पनि बन्द कोठाभित्र सीमित हुने गरेका छन् । ठूला आयोजना, बजेट विनियोजन, नीतिगत निर्णय र ठेक्कापट्टामा हुने अपारदर्शिताले भ्रष्टाचारको सम्भावना बढाएको छ । सूचना प्रविधिको युगमा पनि सूचनामा सहज पहुँच नहुनु विडम्बनापूर्ण छ । सार्वजनिक खरिद प्रक्रिया, परियोजना छनोट र स्रोतको बाँडफाँटमा पारदर्शिता नहुँदा जनताको करबाट सङ्कलित रकम प्रभावकारी रूपमा प्रयोग भएको छ कि छैन भन्ने प्रश्न उठ्छ । जवाफदेहिताको पक्ष झन् कमजोर देखिन्छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा गल्ती गरे पनि दण्डित नहुने मानसिकता विकास भएको छ । छानबिन समिति गठन गरिन्छ, प्रतिवेदन आउँछ, तर त्यसको कार्यान्वयन हुँदैन । जनताका गुनासा सुन्ने संयन्त्र भए पनि तिनको प्रभावकारिता न्यून छ ।

सेवा प्रवाहमा ढिलासुस्ती, झन्झटिलो प्रक्रिया र अनावश्यक कागजी कारबाहीले नागरिकलाई निराश बनाएको छ । सामान्य कामका लागि पनि बिचौलियाको सहारा लिनुपर्ने अवस्था सुशासनको विफलताको सङ्केत हो ।

नेपालमा सुशासन कमजोर हुनुको मुख्य कारण भ्रष्टाचारको संस्थागत रूप हो । भ्रष्टाचार अब व्यक्तिगत कमजोरी मात्र होइन, प्रणालीगत समस्या बनेको छ । अन्तर्राष्ट्रिय सूचकाङ्कहरूमा नेपालको अवस्था मध्यमभन्दा कमजोर श्रेणीमा पर्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको 'भ्रष्टाचार अवधारणा सूचकाङ्क' मा नेपालको अवस्था सन्तोषजनक छैन । यस्तो अवस्था केवल अङ्कमा सीमित हुँदैन, यसले लगानी, विकास, सार्वजनिक सेवा र अन्तर राष्ट्रिय छविमा असर पार्छ । नीतिगत भ्रष्टाचार विशेष रूपमा चिन्ताजनक छ । मन्त्रिपरिषद्को निर्णयमार्फत कानुनी कारबाहीबाट बच्ने प्रवृत्ति, ठूला आयोजना र जग्गा प्रकरणमा अनियमितता, कर मिनाहाजस्ता निर्णयहरूले राज्यकोषमा ठूलो क्षति पुऱ्याएको आरोप लाग्दै आएको छ ।

राजनीतिक संरक्षण र प्रशासनिक साँठगाँठले निष्पक्ष छानबिनमा बाधा पुऱ्याएको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन तस्करी काण्डजस्ता घटनाले राज्य संयन्त्रको कमजोरी उजागर गरेका छन् । यस्ता घटनाले नागरिकमा गहिरो अविश्वास पैदा गर्छन् ।

सङ्घीयता नेपालको राजनीतिक रूपान्तरणको एउटा महत्त्वपूर्ण उपलब्धि हो । ७ सय ५३ स्थानीय सरकार जनताका सबैभन्दा नजिकका संरचना हुन् । स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र सामाजिक सुरक्षाका क्षेत्रमा केही सकारात्मक काम गरेका उदाहरणहरू पनि छन् । कतिपय पालिकाले नवप्रवर्तनात्मक अभ्यासमार्फत सेवा प्रवाहमा सुधार गरेका छन् । स्थानीय स्तरमा निर्णय क्षमता बढ्नु लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक पक्ष हो । तर, सङ्घीयताको कार्यान्वयनमा पनि चुनौती कम भने छैनन् । केही स्थानीय तहमा डोजरे विकास, उपभोक्ता समितिमार्फत हुने अनियमितता र कर्मचारी-जनप्रतिनिधिबिचको भागबन्डाले सङ्घीयताको मर्ममाथि प्रश्न उठाएको छ । प्रदेश सरकारको औचित्यमाथि पनि बहस भइरहेको छ ।

विशेष गरी बढ्दो प्रशासनिक खर्च र सीमित उपलब्धिका कारण त्यस्ता प्रश्नहरू उठ्ने गरेका छन् । संरचना मात्र परिवर्तन भएर सुशासन स्वतः स्थापित हुँदैन भन्ने कुरा यहाँ स्पष्ट हुन्छ । क्षमता विकास, पारदर्शिता र निगरानी संयन्त्र सुदृढ नगरी सङ्घीयताको लक्ष्य प्राप्त हुन सक्दैन ।

सुधारका लागि विविध बहुआयामिक प्रयास आवश्यक छन् । निर्वाचन प्रणालीमा सुधार गरी दलभित्र लोकतन्त्र सुदृढ गर्नुपर्छ । उम्मेदवार छनोट प्रक्रिया पारदर्शी र क्षमता (मेरिट) मा आधारित हुनुपर्छ । संवैधानिक निकायहरूको निष्पक्षता सुनिश्चित गर्नु अत्यावश्यक छ । अख्तियार, निर्वाचन आयोग र महालेखा परीक्षकजस्ता निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ । डिजिटल प्रविधिको प्रभावकारी प्रयोगले पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउन सक्छ । ई-गभर्नेन्स, अनलाइन सेवा र खुला डाटा प्रणालीले भ्रष्टाचार घटाउन सहयोग पुऱ्याउन सक्छ ।

कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेपको अन्त्य अर्को महत्त्वपूर्ण कदम हो । स्थायी सरकारको रूपमा चिनिने प्रशासनिक संयन्त्र व्यावसायिक, दक्ष र निष्पक्ष हुनुपर्छ । सरुवा, बढुवा र नियुक्तिमा पारदर्शी मापदण्ड अपनाइनुपर्छ । शिक्षा प्रणालीमार्फत नागरिक चेतना विकास गर्नु दीर्घकालीन समाधान हो । सचेत, विवेकी र सक्रिय नागरिक नै सुशासनका सच्चा संरक्षक हुन् । 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' जस्ता अवधारणामाथि पनि गम्भीर बहस हुन सक्छ, ताकि जनप्रतिनिधिहरू थप जवाफदेही बनून् । अन्ततः राजनीति मूल्य र नैतिकतासँग जोडिएको विषय हो । सुशासन केवल कानुनी व्यवस्था वा प्रशासनिक दक्षताले मात्र सम्भव हुँदैन, यसका लागि नैतिक नेतृत्व आवश्यक हुन्छ । जबसम्म राजनीतिमा नैतिकता, पारदर्शिता र दीर्घकालीन सोच विकास हुँदैन, 'समृद्ध नेपाल, सुखी नेपाली' जस्ता नारा व्यवहारमा रूपान्तरण हुन सक्दैनन् । व्यवस्था परिवर्तन महत्त्वपूर्ण हो, तर त्यससँगै पात्र र प्रवृत्ति परिवर्तन अपरिहार्य छ ।

नेपाल अहिले ऐतिहासिक दोबाटोमा उभिएको छ । एकातिर पुरानै शैलीको सत्ताकेन्द्रित राजनीति छ भने अर्कोतिर सुधार र जवाफदेहिताको माग गर्दै उठेको नागरिक चेतना छ । यदि राजनीति स्वच्छ, पारदर्शी र जनउत्तरदायी बन्न सकेन भने लोकतन्त्रको सार कमजोर हुनेछ । तर, यदि नेतृत्वले आत्मसमीक्षा गर्दै सुधारको बाटो रोज्यो भने सुशासन सम्भव छ । नागरिकले पनि मतदान गर्दा केवल भावनामा होइन, तथ्य र कार्यसम्पादनका आधारमा निर्णय गर्नुपर्छ । राजनीति नीति सुधार्ने कला हो भने सुशासन त्यसको व्यावहारिक परिणाम हो । नीति र स्थिति दुवै सुधार्न सकिए मात्र लोकतन्त्रको वास्तविक अनुभूति हुनेछ । नेपालले धेरै आन्दोलन र परिवर्तन देखिसकेको छ, अब स्थायित्व, नैतिक नेतृत्व र प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । तब मात्र परिवर्तनका वाचाहरू व्यवहारमा रूपान्तरण हुनेछन् र सुशासन मृगतृष्णा नभई यथार्थ बन्नेछ । *(लेखक दार्चुला बहुमुखी क्याम्पसमा अध्ययनरत छन्)*

खेलकुद

विश्वकपबाट बाहिरिएपछि कप्तान परिवर्तनबारे सोच्दै अफगानिस्तान

आईसीसी टी-२० विश्वकपबाट बाहिरिएपछि अफगानिस्तान क्रिकेटमा नेतृत्व परिवर्तन हुने चर्चा चुलिएको छ । लगातार दुई ठुला अन्तर्राष्ट्रिय प्रतियोगितामा टोलीलाई गहिरो चरणसम्म लैजान नसकेपछि कप्तान राशिद खानमाथि प्रश्न उठ्न थालेका छन् । दुबईमा भएको टी-२० एसिया कपमा पनि अफगानिस्तान दोस्रो चरणमा पुग्न असफल भएको थियो । विश्वकै उत्कृष्ट टी-२० बलरमध्ये एक मानिने राशिद खानलाई सन् २०१९ मा पहिलोपटक अफगानिस्तानको टी-२० अन्तर्राष्ट्रिय कप्तान नियुक्त गरिएको थियो। तर टोली छनोटसम्बन्धी विवादका कारण उनले सन् २०२१ को टी-२० विश्वकपअघि पद त्यागेका थिए । पछि सन् २०२२ मा अस्ट्रेलियामा भएको टी-२० विश्वकपपछि मोहम्मद नबीले कप्तानी छाडेपछि राशिद पुनः कप्तान बनेका थिए ।

अफगानिस्तान क्रिकेट बोर्ड (एसीबी) ले ठुलो अपेक्षासहित राशिदलाई कप्तान बनाएको थियो । विश्वस्तरका प्रतियोगितामा टोलीलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास बोर्डको थियो । तर विज्ञहरूको नजरमा अफगानिस्तान विश्वका उत्कृष्ट टी-२० टोलीमध्ये एक मानिए पनि एसीसी र आईसीसी प्रतियोगितामा प्रदर्शनले त्यो छवि पुष्टि गर्न सकेको छैन । यसअघि नै बोर्डले टोली व्यवस्थापनमा ठुलो फेरबदल गरिसकेको छ । विश्वकपअघि टोबी याडफोर्डलाई ब्याटिङ प्रशिक्षक नियुक्त गरिएको थियो भने टी-२० विश्वकपबाट बाहिरिएपछि लामो समयदेखि मुख्य प्रशिक्षक रहेका जोनाथन ट्रटको स्थानमा रिचर्ड पाइबसलाई ल्याइएको छ ।

ट्रटको बहिर्गमन अप्रत्याशित थिएन, किनकि उनको बोर्डसँग केही समयदेखि असन्तुष्टि रहेको बताइएको थियो । उनी चाँडै नै टोली छाड्ने संकेत पहिले नै देखिएको थियो। अब नेतृत्वमा पनि परिवर्तन हुन्छ वा हुँदैन भन्ने विषयमा भने अन्तिम निर्णय भइसकेको छैन । एसीबीका प्रमुख कार्यकारी अधिकृत नसीब खानका अनुसार परिवर्तनको सम्भावना भने खुला छ । नसीबले भने, 'हामी अहिले टोलीभित्र सुधारका विषयमा विचार गरिरहेका छौं। भविष्यका लागि टोली निर्माण गर्दैछौं भने परिवर्तन अपरिहार्य हुन्छ । हामीले मुख्य प्रशिक्षक, ब्याटिङ प्रशिक्षक र ट्रेनर परिवर्तन गरिसकेका छौं र टोलीभित्र पनि आवश्यक समायोजन गरिनेछ ।' उनले थपे, 'तर कप्तानबारे अन्तिम निर्णय भएको छैन, त्यसैले अहिले नै परिवर्तन हुन्छ वा यथावत् रहन्छ भन्न सकिदैन ।' नयाँ मुख्य प्रशिक्षक रिचर्ड पाइबसले पनि अफगानिस्तानमा काम गर्न कुनै समस्या नभएको बताएका छन् । उनको नियुक्तिले नयाँ दृष्टिकोणको संकेत दिएको छ, किनकि यसअघि विदेशी प्रशिक्षकहरू प्रायः अन्तर्राष्ट्रिय प्रतियोगिताअघि मात्रै संलग्न हुने गरेका थिए ।

नसीबका अनुसार श्रीलंका विरुद्धको सेतो बल (एकदिवसीय र टी-२०) श्रृंखलापछि पाइबस टोलीसँग जोडिनेछन् । दुबई र शारजाहमा मार्च १३ देखि २५ सम्म हुने श्रृंखलापछि उनी अफगानिस्तान जानेछन् ।

नसीबले भने, 'श्रीलंका श्रृंखलापछि पाइबस अफगानिस्तान आउनेछन् । हामी उच्च प्रदर्शन केन्द्र (एचपीसी) का लागि पनि नयाँ व्यवस्थापन टोली ल्याउने तयारीमा छौं। हामी सन् २०२७ र २०२८ का विश्वकपलाई लक्षित गर्दै अहिलेबाटै तयारी सुरु गर्न चाहन्छौं र घरेलु प्रतिभालाई अन्तर्राष्ट्रिय स्तरमा ल्याउन चाहन्छौं।'

यद्यपि, वर्तमान भू-राजनीतिक अवस्थाका कारण संयुक्त अरब इमिरेट्सको परिस्थितिलाई लिएर उनी सतर्क देखिएका छन् । शृंखला हुने वा नहुने विषय अझै अनिश्चित छ । नसीबले भने, 'म यही प्रयोजनका लागि दुबईमा छु, श्रृंखलाको व्यवस्थापन र तयारी अन्तिम रूप दिन। यदि अवस्था सामान्य भयो भने हामी श्रृंखला अघि बढाउनेछौं ।'

विश्व

भारतको आधा तेल आपूर्तिमा असर, नेपालसम्म असर पर्ने

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी)ले विश्वको तेल आपूर्तिको लागि महत्त्वपूर्ण ढुवानी मार्ग, हर्मुजको जलडमरू बन्द गरेको बताएको छ। यो बाटोबाट गुज्रने कुनै पनि जहाजलाई रोकिने र सम्भावित रूपमा लक्षित गरिने आईआरजीसीका एक अधिकारीले राज्य टेलिभिजनलाई बताएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् । भारतको लगभग ५० प्रतिशत तेल हर्मुजको जलडमरूमध्यबाट आउँछ, जुन नेपालसम्म आइपुग्छ। भारत मात्रै होइन, यो समुद्री मार्गबाट विश्वको लगभग २० प्रतिशत तेल गुज्रन्छ। यसले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा वृद्धि गराएको छ र कच्चा तेल प्रति ब्यारेल लगभग ८० डलर पुगेको छ। यदि स्थिति बिग्रियो भने मूल्य १०० डलरसम्म पुग्न सक्ने समाचारमा उल्लेख छ । अमेरिकी ऊर्जा सूचना प्रशासनका अनुसार, यहाँबाट आपूर्ति हुने अधिकांश तेल चीन, भारत, जापान र दक्षिण कोरियाजस्ता एसियाली देशहरूमा जान्छ। यसबाहेक, जेट इन्धन र एलएनजीको आपूर्ति पनि प्रभावित हुन सक्छ। यदि यो मार्ग बन्द भयो भने विश्वव्यापी ऊर्जा आपूर्ति र अर्थतन्त्र प्रभावित हुन सक्ने समाचारमा उल्लेख छ ।तर, फक्स न्यूजको रिपोर्टअनुसार इरानी अधिकारीहरूको बयानका बाबजुद



पनि अमेरिकी केन्द्रीय कमान्डले हर्मुजको जलडमरूमध्य बन्द नभएको दाबी गरेको छ।

हर्मुज जलडमरूलाई विश्वको ऊर्जा जीवनरेखा मानिन्छ, जसले विश्वव्यापी तेलको पाँचौं भाग बोक्छ। यो साँघुरो समुद्री मार्गले फारसी खाडीलाई ओमानको खाडीसँग जोड्छ र अरब देशहरूको लागि प्रमुख तेल मार्ग हो । यदि यो मार्ग बन्द भयो भने, साउदी अरेबिया, कुवेत र इराक जस्ता देशहरूमा तेल आपूर्ति पूर्ण रूपमा अवरुद्ध हुन सक्छ । विज्ञहरू विश्वास गर्छन् कि यस जलमार्गमा हुने कुनै पनि सैन्य गतिविधिले ठूलो विश्वव्यापी युद्ध निम्त्याउन सक्छ। इरान र ओमानले यस क्षेत्रलाई नियन्त्रण गर्छन् र यसबाट व्यापारी जहाजहरूको आवतजावत अन्तर्राष्ट्रिय कानूनको अधीनमा छ । स्ट्रेट अफ होर्मुज विश्वको सबैभन्दा महत्वपूर्ण समुद्री मार्ग हो र तेल पारवहनका लागि सबैभन्दा महत्वपूर्ण 'चोक पोइन्ट' हो । उत्तरी भाग इरानले र दक्षिणी भाग ओमान तथा यूएईले घेरेको यो मार्ग प्रवेश र निर्गमन बिन्दुमा करिब ५० किलोमिटर चौडा र सबैभन्दा साँघुरो भागमा करिब ३३ किलोमिटर चौडा छ। यो जलडमरूमध्य विश्वका सबैभन्दा ठूलो तेल बोक्ने ट्यांकरहरूका लागि पर्याप्त गहिरो छ र मध्यपूर्वका प्रमुख तेल तथा ग्यास उत्पादक देशहरू र तिनका ग्राहकहरूले प्रयोग गर्छन् । सन् २०२५ मा अमेरिकी ऊर्जा सूचना प्रशासन (ईआईए) का अनुमानअनुसार दैनिक करिब २० मिलियन ब्यारेल तेल स्ट्रेट अफ होर्मुज हुँदै पार भएको थियो । वार्षिक झन्डै ६०० अर्ब डलर बराबरको ऊर्जा व्यापार यस मार्गबाट भएको छ ।

सडक सञ्जाल विस्तारले मतदान सामग्री ढुवानी सहज



काँक्रेविहार संवाददाता
जुम्ला, १९ फागुन

जिल्लाका अधिकांश मतदान केन्द्रसम्म सडक सञ्जाल विस्तार भएसँगै यसपटक निर्वाचन सामग्री र कर्मचारी ढुवानी सहज भएको छ। कनकासुन्दरी-१ स्थित रिया र तिला-९ स्थित खडढुस्का मतदान केन्द्रमा मात्रै सडक नपुगेको जिल्ला प्रशासनले जनाएको छ।

गत निर्वाचनसम्म धेरैजसो मतदान केन्द्रमा कर्मचारीहरू पैदलै पुग्नुपर्ने अवस्था थियो। तर यसपटक भने सवारीसाधनमार्फत सबैजसो केन्द्रसम्म सामग्री र जनशक्ति पुऱ्याइएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताए। पहिले निर्वाचनमा खटिने कर्मचारीले सास्ती बेहोर्नुपर्थ्यो। अहिले केन्द्रसम्मै गाडी पुग्दा सहज भएको छ, उनले भने, सुरक्षा व्यवस्थापन तथा मतपेटी ओसारपसार गर्न पनि सुविधा भएको छ।

जुम्लाका १ सय १० मतदान केन्द्रमा सोमबार साँझसम्म कर्मचारी पुगिसकेका छन्। उनीहरूले केन्द्र व्यवस्थापन र मतदाता व्यवस्थापनको काम सुरु गरिसकेका छन्। जिल्ला निर्वाचन अधिकारी दीपेन्द्र कँडेलका अनुसार सबै मतदान केन्द्रमा कर्मचारी सुरक्षित रूपमा पुगेका छन् र व्यवस्थापकीय काम अघि बढिसकेको छ। यस निर्वाचनका लागि जिल्लामा ६ सय ५४ कर्मचारी खटिएका छन्। मतदान सामग्री र कर्मचारी पुऱ्याउन सरकारी तथा भाडाका सवारीसाधन प्रयोग गरिएको छ।

जिल्लामा सबैभन्दा बढी मतदाता चन्दननाथ नगरपालिकास्थित अशोक आधारभूत विद्यालय मतदान केन्द्रमा रहेका छन्, जहाँ १ हजार ७३ मतदाता छन्। सबैभन्दा कम मतदाता जिल्ला कारागार जुम्लास्थित अस्थायी मतदान केन्द्रमा १९ जना छन। जुम्लामा कुल ७१ हजार ७ सय ३९ मतदाता रहेका छन्।

प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार हरेक मतदान केन्द्रका लागि छुट्टै सुरक्षा खाका तयार गरी लागू गरिएको छ। मतदान केन्द्रमा सुरक्षा निकायको संयुक्त गस्ती सुरु भइसकेको छ, उनले भने, मतदान अधिकृत, सहायक मतदान अधिकृत र आवश्यक सामग्री केन्द्रमा पुगिसकेको तथा सुरक्षाकर्मीसमेत तैनाथ भइसकेको प्रशासनले जनाएको छ।

भौगोलिक विकटता, सञ्चार असुविधा र सडक सञ्जालको अवस्थालाई आधार मानी जिल्लाका ५२ मतदान केन्द्रलाई अतिसंवेदनशील, २५ लाई संवेदनशील र २१ केन्द्रलाई सामान्य सूचीमा राखिएको छ। जिल्ला सुरक्षा समितिले निर्वाचन शान्त, सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गराउन पर्याप्त तयारी गरिएको जनाएको छ।

हिमाल पारिका बस्तीमा उम्मेदवारविहीन चुनावी माहोल



काँक्रेविहार संवाददाता
डोल्पा, १९ फागुन

निर्वाचनको मिति नजिकिँदै जाँदा उपल्लो डोल्पाका हिमालपारिका बस्तीहरू फेरि एकपटक दुर्गमता र लोकतान्त्रिक अभ्यासबीचको दूरी महसुस गरिरहेका छन्। कागजमा समान देखिने लोकतन्त्र यहाँको कठोर भूगोलका कारण व्यवहारमा अझै चुनौतीपूर्ण बनेको छ। चीनअन्तर्गतको तिब्बत स्वायत्त क्षेत्रसँग जोडिएका उत्तरी सीमावर्ती गाउँहरू हिउँ, चिसो र कठिन उकालोले घेरिएका छन्। सदरमुकाम दुनैबाट दिनौं लाग्ने पैदल दूरी र अनिश्चित मौसमका कारण ती बस्तीमा उम्मेदवारहरूको प्रत्यक्ष उपस्थिति देखिएको छैन।

दुर्गमता र भौगोलिक कठिनाइका कारण प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका दलका प्रत्यासीहरू अहिलेसम्म घरदैलो अभियानमा पुग्न सकेका छैनन्। गाउँमा चुनावी सभा, भाषण वा प्रत्यक्ष भेटघाट हुन सकेको छैन। रेडियो र सामाजिक सञ्जालमार्फत प्रचार सन्देश पुगे पनि मतदाताले उम्मेदवारको अनुहार नदेखेरै निर्णय लिनुपर्ने अवस्था बनेको छ। उपल्लो भेगअन्तर्गत डोल्पोबुद्ध, छार्काताङसोङ र शे-फोक्सुण्डो गाउँपालिकाका बस्तीहरूमा यसपटक पनि चुनावी गतिविधि सीमित देखिएको छ। केही समयअघि नेपाली कांग्रेसको प्रचारप्रसार टोली भने ती क्षेत्रमा पुगेर घरदैलो र साना भेटघाट कार्यक्रम गरेको बताइएको छ। तर उम्मेदवार स्वयं भने अझै ती बस्तीमा पुगेका छैनन्।

स्थानीय बासिन्दाका अनुसार प्रत्यक्ष संवादको अवसर नपाउँदा मतदाताले उम्मेदवारबारे पर्याप्त जानकारी लिन सकिरहेका छैनन्।

लोकतान्त्रिक अभ्यासमा मतदाता र उम्मेदवारबीचको प्रत्यक्ष संवाद महत्त्वपूर्ण मानिन्छ। तर भौगोलिक कठिनाइले यहाँ त्यो अभ्यास कमजोर देखिएको छ। सदरमुकाम दुनैबाट टाढा रहेका ती बस्तीमा राज्यको उपस्थिति न्यून महसुस हुने गरेको स्थानीय बताउँछन्। उपल्लो डोल्पाका तीन गाउँपालिकामा कुल ४ हजार ३ सय ६६ मतदाता रहेका छन्। मतदान निर्धारित मितिमै हुने तयारी भए पनि दुर्गमता, दूरी र संवाद अभावको चुनौतीबीच उपल्लो डोल्पाको चुनावी परिदृश्य यसपटक पनि विशेष परिस्थितिमा अघि बढिरहेको छ।

बाजुरामा कडा सुरक्षा घेरा, प्रविधिमार्फत् निगरानी

काँक्रेविहार संवाददाता
धनगढी, १९ फागुन

सुदूरपश्चिमको पहाडी जिल्ला बाजुरामा यसपटकको निर्वाचन उच्च सुरक्षा निगरानीमा सम्पन्न गरिने भएको छ। विगतका निर्वाचनहरूमा झडप, बुथ कब्जा र हिंसात्मक घटना दोहोरिँदै आएको पृष्ठभूमिमा यसपटक सुरक्षा संयन्त्रले विशेष रणनीति अपनाएको जनाएको छ। स्थानीय प्रशासनले बाजुरालाई उच्च सुरक्षा सतर्कतामा राख्दै अतिरिक्त जनशक्ति परिचालन गरेको छ। साथै, संवेदनशील मतदानस्थलमा आधुनिक प्रविधिको प्रयोग गरी निगरानी कडा पारिएको छ।



२०४८ सालयता अधिकांश निर्वाचनमा अशान्ति देखिएको बाजुरामा दलगत पकडका आधारमा मतदान केन्द्र कब्जा गर्ने, विपक्षी मतदातालाई बुथसम्म पुग्न नदिने तथा फर्जी मत खसाल्ने प्रवृत्ति मुख्य चुनौतीका रूपमा रहँदै आएको छ। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनका क्रममा यहाँ दुई युवाको ज्यान गएको थियो। छिमेकी जिल्ला बझाङमा समेत यस्तै प्रकृतिका घटना देखिँदै आएका छन्।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका अनुसार यसपटक यस्ता अराजक गतिविधि रोक्न विशेष सुरक्षा योजना लागू गरिएको छ। प्रदेश प्रहरी प्रमुख डीआईजी ओमबहादुर रानाले बाजुरालाई उच्च प्राथमिकतामा राखिएको बताए।

उनले भने, विगतमा जस्तो बुथ कब्जा गर्ने वा हुलहुज्जत गर्ने प्रयास सफल हुँदैन। यसपटक प्रविधिको अधिकतम प्रयोग गरेर निगरानी गरिरहेका छौं। सुरक्षा योजनाअनुसार अति संवेदनशील मतदानस्थलमा सीसीटीभी क्यामेरा जडान गरिएको छ। मतदान केन्द्रमा हुने गतिविधिको प्रत्यक्ष निगरानी जिल्ला र प्रदेशस्तरबाटै गरिनेछ। भौगोलिक रूपमा विकट र जोखिमयुक्त क्षेत्रमा ड्रोन क्यामराद्वारा आकाशीय गस्तीको व्यवस्था गरिएको छ। सीसीटीभी र ड्रोनबाट प्राप्त फुटेजका आधारमा कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल नियन्त्रणमा लिन सकिने गरी सुरक्षा टोली तयारी अवस्थामा राखिएको छ। आवश्यक परे हेलिकप्टरमार्फत थप मद्दत पुऱ्याउने व्यवस्था पनि मिलाइएको प्रहरीले जनाएको छ।

जिल्ला मुख्य निर्वाचन अधिकृत संजीव पोखरेलका अनुसार बाजुरामा ७७ मतदानस्थल र १ सय १९ मतदान केन्द्र (एक अस्थायी केन्द्रसहित) निर्धारण गरिएको छ। तीमध्ये ६२ मतदानस्थल अति संवेदनशील सूचीमा छन्, जुन कुल मतदानस्थलको करिब ८० प्रतिशत हो।

हिमपातपछि हुम्लाका चार मतदानस्थलमा हेलिकोप्टरबाट सामग्री ढुवानी

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ फागुन

हिमपातका कारण सडक अवरुद्ध भएपछि हुम्लाका चार मतदानस्थलमा नेपाली सेनाका दुई हेलिकोप्टरमार्फत निर्वाचन सामग्री र कर्मचारी पुऱ्याइएको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सोमबार बिहानदेखि हेलिकोप्टर परिचालन गरिएको हो।

हिमपातले न्यालु लेक र नारा लेक क्षेत्रमा आवागमन पूर्ण रूपमा बन्द भएपछि हवाई मार्गबाट सामग्री ढुवानी गर्नुपरेको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले जानकारी दिए।



उनका अनुसार प्रत्येक उडानमा १५ देखि २० जनासम्म कर्मचारी तथा आवश्यक सामग्री पठाइएको छ। सडक अवरुद्ध भएपछि हेलिकोप्टरकै भर पर्नुपरेको छ, उनले भने,

नाम्खा गाउँपालिकाअन्तर्गत हिमशिखर आधारभूत विद्यालय (तिल), हिमाल आधारभूत विद्यालय (चाला), भृकुटी आधारभूत विद्यालय (जाङ्ग) र सुनखानी आधारभूत विद्यालय (हल्जी)स्थित मतदानस्थलमा निर्वाचन सामग्री र कर्मचारी सुरक्षित रूपमा पुगिसकेको प्रशासनले जनाएको छ।

दुर्गम भौगोलिक अवस्थाका बीच पनि निर्वाचन निर्धारित मितिमै सम्पन्न गराउन आवश्यक सबै तयारी पूरा गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएकोछ।

ठूलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं।

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं।

काँक्रेविहार राष्ट्रिय दैनिक
बुधवार, २० फागुन, २०८२
Wednesday, 4 Mar. 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

निर्वाचन विरूद्धका गतिविधि गर्नेहरू धमाधम पक्राउ

काँक्रेविहार संवाददाता
काठमाडौं, १९ फागुन



प्रतिनिधिसभा सदस्य निर्वाचन विरुद्ध गतिविधि गर्नेहरूलाई प्रहरीले धमाधम पक्राउ गरिरहेको छ। प्रहरी प्रधान कार्यालयले निर्वाचन बिथोल्न सक्रिय समूहको गतिविधिमाथि निगरानी र विश्लेषण गर्न निर्वाचन सुरक्षा तथा विश्लेषण महाशाखा बनाएको छ। कार्य विभागको मातहत गठन गरिएको विश्लेषण महाशाखाको कमान्ड प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दयानिधि ज्ञवालीले गरेका छन्।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंसहित ६ वटा समूह अहिले निर्वाचन बिथोल्न सक्रिय रहेको प्रहरीको विश्लेषण छ। प्रसाईं सहित निर्वाचन बिथोल्ने गतिविधिमा संलग्न ७६ जनालाई पक्राउ गरिएको प्रहरी प्रवक्ता (डीआईजी) अविनारायण काफ्लेले बताए। प्रहरीले निर्वाचन विरोधी गतिविधिमा संलग्नलाई नियन्त्रणमा लिन थालेपछि १४२ जना पक्राउ परे पनि अदालतको आदेशले ६६ जना छुटेका छन्। फागुन १८ मा मात्र ९ जनालाई पक्राउ गरिएको डीआईजी काफ्लेले बताए। प्रसाईं समूह, धर्मेन्द्र बास्तोला नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (बहुमत), आहुति नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी, मङ्गोल नेशनल अर्गनाइजेशन र पहिचानको आन्दोलनमा सक्रिय समूहले निर्वाचन विरोधी गतिविधि गरिरहेको प्रहरीको विश्लेषण छ। बहुमतका महासचिव धर्मेन्द्र बास्तोला पक्राउ परेर रिहा भैसकेका छन्। फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा १० हजार ९६७ मतदान स्थल निर्धारण गरिएको छ। सुरक्षाको दृष्टिकोणले मतदान स्थललाई ३ भागमा वर्गीकरण गरिएको छ। सुरक्षा चुनौती नभएको ठाउँको मतदान स्थललाई सामान्यमा वर्गीकरण गरिएको छ।

दैनिक ५ हजार लाइसेन्स माग, २५ लाख सेवाग्राही प्रतीक्षामा

काँक्रेविहार संवाददाता
सिमकोट, १८ फागुन



देशभर दैनिक करिब ५ हजार सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को माग भइरहेको छ। यातायात व्यवस्था विभागका अनुसार यसअघि आवेदन दिइसकेका करिब २५ लाख सेवाग्राहीलाई अझै लाइसेन्स वितरण गर्न बाँकी छ। विभागका महानिर्देशक राजीव पोखरेलका अनुसार अत्यावश्यक परेकालाई प्राथमिकतामा राखेर लाइसेन्स उपलब्ध गराउने व्यवस्था गरिएको छ। दैनिक करिब ६ सय जनाले 'इमरजेन्सी' भन्दै लाइसेन्सका लागि अनुरोध गर्ने गरेका छन् र सोही आधारमा वितरण भइरहेको उनले बताए। अनलाइन वा भौतिक रूपमा आवेदन दिएपछि सम्बन्धित विवरण सेक्युरिटी प्रिन्टिङ प्रेसमा पठाइन्छ। त्यहाँबाट ५ देखि ७ दिनभित्र लाइसेन्स छपाइ भएर आउने र त्यसपछि वितरण गरिने व्यवस्था रहेको विभागले जनाएको छ।

विभागले डिजिटल माध्यमबाट पनि सेवा सहज बनाएको छ। नागरिक एपमार्फत डिजिटल लाइसेन्स देखाउन सकिने र ट्राफिक प्रहरीले त्यसलाई मान्यता दिने व्यवस्था गरिएको छ। ट्राफिक नियम उल्लंघनको अवस्थामा सोही डिजिटल लाइसेन्सका आधारमा चिट काट्न तथा जरिवाना अनलाइनमार्फत तिर्न सकिने प्रावधान छ। यसले भौतिक लाइसेन्स वा रसिद बोकिरहनुपर्ने बाध्यता हटाएको विभागको दाबी छ।

जेनजी आन्दोलनका क्रममा विभागमा आगलागी हुँदा करिब २ लाख ५० हजार लाइसेन्स जलेर नष्ट भएका थिए। संसद भवन नजिकै रहेको विभाग आन्दोलनको केन्द्रमा परेकाले ठूलो क्षति व्यहोर्नुपरेको महानिर्देशक पोखरेलले बताए। यद्यपि कर्मचारीहरूको प्रयासबाट करिब ६० लाख ड्राइभिङ लाइसेन्सको डेटा पुनर्जीवित गर्न सफल भएको उनले जानकारी दिए।

आगलागीमा लाइसेन्स प्रिन्ट गर्ने मेसिनसमेत जलेर नष्ट भएपछि हाल सेक्युरिटी प्रिन्टिङ प्रेस, बनेपासँग सम्झौता गरेर छपाइको काम अघि बढाइएको छ। पहिलो चरणमा १२ लाख लाइसेन्स छपाइ गरेर उपलब्ध गराउने प्रक्रिया सुरु भइसकेको विभागले जनाएको छ।

वैदेशिक रोजगारी वा अन्य आपतकालीन प्रयोजनका लागि लाइसेन्स आवश्यक परे निवेदनका आधारमा प्राथमिकतामा राखी उपलब्ध गराइने व्यवस्था छ। डिजिटल लाइसेन्सको प्रयोग बढ्दै गएसँगै लाइसेन्ससम्बन्धी समस्या क्रमशः सहज बन्दै गएको विभागले जनाएको छ।

मौन अवधिमा निर्वाचन आचारसंहिता पालना गर्न आग्रह

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ फागुन



यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को मौन अवधिमा निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न सरोकारवाला सबै पक्षलाई आग्रह गरिएको छ। फागुन १८ गते राति १२ बजेदेखि सुरु भएको मौन अवधिमा निर्वाचन आयोग नेपालले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ कार्यान्वयन गर्न दलका उम्मेदवार, भ्रातृ संगठन तथा सम्बन्धित निकायलाई अनुरोध गरिएको हो।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, भयरहित, मितव्ययी र पारदर्शी बनाउन आचारसंहिताविपरीत गतिविधि नगर्न आग्रह गरिएको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत एवं जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले जानकारी दिए। उनका अनुसार मौन अवधिमा निर्वाचन प्रचारप्रसार, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया र कार्यशाला जस्ता कार्यक्रम गर्न पाइँदैन। साथै मतदान हुने दिनको ४८ घण्टा अगावै मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल तथा उम्मेदवारका प्रचार सामग्री हटाउनुपर्ने व्यवस्था छ। कुनै पनि माध्यमबाट मत माग्ने वा प्रचारप्रसार गर्ने कार्यसमेत निषेध गरिएको उनले बताए। कार्कीका अनुसार हालसम्म जिल्लामा आचारसंहिताविपरीत कुनै अवाञ्छित गतिविधि देखिएको छैन।

खाल्डोमा डुबेर दुई बालबालिकाको मृत्यु

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ फागुन

सुर्खेतमा घर निर्माणका लागि खनेको पानी भरिएको खाल्डोमा डुबेर दुई बालबालिकाको ज्यान गएको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार कालिकोटको तिलागुफा नगरपालिका-९ चिलखाया घर भई हाल वीरेन्द्रनगर नगरपालिका-९ मा बस्दै आएका टेकबहादुर कटुवालका ७ वर्षीय छोरा खेमराज कटुवाल र ५ वर्षीया छोरी दिपीका कटुवालको मृत्यु भएको हो।

प्रहरी प्रवक्ता डीएसपी मोहनजंग बुढथापाका अनुसार घर नजिकै निर्माणका लागि खनिएको खाल्डोमा परेर दुवै बालबालिका डुबेका हुन्। सोमबार साँझ स्थानीयले उनीहरूलाई पानीमा डुबेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए। उद्धार गरी तत्काल प्रदेश अस्पताल कालागाउँ पुऱ्याइए पनि उपचारमा संलग्न चिकित्सकले दुवैलाई मृत घोषणा गरेका प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

मतदानमा सहभागी बनौं।

- ✓ मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ✓ मतदाताको अधिकारलाई जिम्मेवारपूर्वक निर्वाह गरौं।
- ✓ मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको यकिन गरौं।
- ✓ मतदान स्थल केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ✓ मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाउँ।
- ✓ दबाब र प्रभावमा परी मतदान नगरौं।
- ✓ व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ✓ अस्वस्थ जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ✓ सामाजिक सद्भाव शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ✓ राष्ट्रिय हित विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
- ✓ आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ✓ निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ✓ मतदानबाट नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ✓ स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने।
- ✓ निर्वाचनबाट मौलिक हक र मानव अधिकारको संरक्षण हुने।
- ✓ मतदाताको राजनीतिक छनोटको अधिकार सुनिश्चित हुने।
- ✓ लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ✓ जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा निर्वाचनमा सहभागी बनाउँ मताधिकारको प्रयोग गरौं।

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अनिश्चितता र अशान्तिको समयमा आफैंलाई सहयोग गर्ने तरिका

किशोरकिशोरीका लागि

यस्तो समयमा आफ्ना भावना बुझौं

आपतकाल र अस्थिरताले धेरै गाह्रा भावना ल्याउन सक्छ। तिम्रो वरिपरि भइरहेका कुराहरूले गर्दा तिमी तनावित र भारी महशुस गर्न सक्छौ। तिमी आफैलाई चोट लागेको हुन सक्छ वा तिमीले साथीहरूलाई नोक्सान पुगेको देखेको अथवा सुनेको हुन सक्छौ। यस्तो समयमा तीव्र भावना अनुभव गर्नु सामान्य हो।

तिमीले निम्न भावनाहरू महसुस गर्न सक्छौ:

- डर
- रस
- शोक
- उदासी
- अरूको लागि गहिरो चिन्ता
- अपराधबोध वा लाज
- सामान्य भन्दा बढी जोखिम लिन खोज्नु
- आक्रामकता
- अर्थ र उद्देश्य हराएको महसुश गर्नु
- निराशा

भावना भनेको हामीलाई अवस्था बुझ्न र प्रतिक्रिया दिन सहयोग गर्ने संकेतहरू हुन्। उदाहरणका लागि, डरले सुरक्षामा रहन संकेत गर्छ, र शोकले बिर्सन र निको हुन मद्दत गर्छ। धेरै जसो अवस्थामा यस्ता भावनाहरू समयसँगै घट्छन्।

सहयोग खोज्नुस्

यदि तपाईंलाई लगातार चिन्ता, पीडा वा असहज भावना आइरहेको छ भने कसैसँग कुरा गर्नुहोस्। तपाईले तल दिइएका नम्बरहरूमा कल गर्न सक्नुहुन्छ।

-१६६०-०१०-२००५-टीपीओ मानसिक-सामाजिक सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म), एनटिसी नेटवर्कका लागि निःशुल्क

- १०९८- बाल सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)

-९८५१३५२१४२- ड्युटीमा रहेका चिकित्सक, कान्ती बाल अस्पताल (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)

- ९७६५३५५४०० - कान्ती बाल अस्पताल रिसेप्शन (बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म)



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)